**जाडोको समयमा चीसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० पुस १९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 04 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२५


## बन्द वडा कार्यालय, शिक्षण संस्था खुले तर कर्मचारीहरूले तलब हालसम्म पाएनन्

रामेश्वर मेहता, सिम्रौनगढ, १८ पुस/

सिम्रौनगढ नगरपालिकामा चलेको विवाद तत्कालका लागि साम्य भए पनि शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीहरूले भने तलब, सेवा सुविधा पाउन सकेका छैनन् ।







बन्द नगर अस्पताल खुले पनि सुनसान र सामुदायिक विद्यालय खुलेपछिको चहलपहल । तस्वीरः प्रतीक

सिम्रौनगढ नगरपालिकामा रहेको सामुदायिक विद्यालयहरूमा कार्यरत अस्थायी, करार र बालविकासका शिक्षकहरूले १४ महीनादेखि तलब नपाएको भनेर दुई महीना पहिले आन्दोलन गरेका थिए । उनीहरूको आन्दोलनमा पछिल्लो समयमा स्थायी शिक्षक, कर्मचारीहरू समाहित भए ।

यसैगरी, नगर अस्पतालमा पनि तलब सुविधा नपाएको भनेर स्वास्थ्यकर्मी, कर्मचारीहरू आन्दोलित थिए र लामो समयदेखि अस्पताल बन्द थियो । वडा कार्यालयहरूमध्ये नेपाली काङ्ग्रेसमा आबद्ध आठवटा वडा कार्यालय तलब सुविधा नपाएको भनेर बन्द थियो ।

यसै क्रममा सिम्रौनगढमा शिक्षक र प्रहरीबीच झडप पनि भयो र एकजना युवकको प्रहरीको गोली लागेर अनाहकमा ज्यान गयो । त्यसपछिको समयमा उग्र रूप लिएको यहाँको आन्दोलनलाई मत्थर गर्न जिल्ला प्रशासन कार्यालय, बाराको अगुवाइमा वार्ता भयो र पुस ८ गते तीन बुँदे सहमतिमा बन्द स्कूल, वडा कार्यालय र अस्पतालको सेवा सञ्चालन भयो ।

पुस १५ गतेभित्र नगरसभा गरेर कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीहरूको तलब भुक्तान गर्ने, बन्द वडा कार्यालय, अस्पताल, शैक्षिक संस्था सञ्चालन गर्ने र मागहरू नगरप्रमुख किशोरी कलवारले क्रमशः सम्बोधन गर्दै जाने सहमति भएको थियो तर आज पुस १७ सम्म नगरसभा बस्न सकेको छैन र कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीहरूले तलब पाएका छैनन् ।

बन्द शैक्षिक संस्था, वडा कार्यालय सञ्चालनमा आएका छन् । नगर अस्पतालमा भने कर्मचारीहरू आवश्यक औषधिलगायत सामग्रीको अभावमा सेवा सञ्चालनमा ल्याउन सकेका छैनन् । स्वास्थ्यकर्मीहरू आउने, हाजिरी गर्ने र फर्कने गरेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले वार्ता भइरहेको र एक दुई दिनमा सहमति भएर सबै काम सहज हुने बताए ।

## जिप्रका पर्साबाट बिचौलियालाई हटाउन माग

प्रस, वीरगंज, १८ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्सालाई बिचौलियाबाट मुक्त बनाउन सेवाग्राहीहरूले माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय, पर्साले बुधवार कार्यालय परिसरमा आयोजना गरेको सार्वजनिक सुनवाइ कार्यक्रममा सहभागीहरूले बिचौलियाको कारण न्याय पाउन गाह्रो भएको बताए ।

विभिन्न काम लिएर जिल्ला प्रहरी कार्यालय आएका सेवाग्राही बिचौलियाबाट ठगिने गरेकाले त्यस्ता बिचौलियाहरू फाँट–फाँटमा रहेको गुनासो गरेका थिए । आफूलाई विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता भन्दै बिचौलियाहरू जिप्रका पर्साको महिला सेल, मुद्दा शाखा, उजूरी शाखा, अपराध अनुसन्धान शाखामा दिनभरि बसेर दुःख दिने गरेको सार्वजनिक सुनवाइमा सेवाग्राहीले गुनासो गरेका थिए । आपसी लेनदेनमा बिचौलियाले काम गराइदिने भन्दै सेवाग्राहीबाट रकम असुल्ने गरेको र यस प्रकारको काममा फाँट प्रमुखले सहयोग गर्ने गरेको उनीहरूले बताए ।

महिला सेल तथा उजूरी शाखामा हुने पञ्चायतीमा बिचौलियाहरूले मिलापत्र रोकेर विवाद उत्पन्न गर्ने र पछि



तस्वीरः प्रतीक

लेनदेनमा काम हुने गरेको सेवाग्राहीहरूको भनाइ थियो । सहभागीहरूले जिप्रका पर्सा मातहत रहेका सेवा शाखाका प्रमुखहरूलाई जनमैत्री कार्य गर्न सुझाएका थिए । उनीहरूले ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन, निवेदनमाथि छानबीन गरी मात्र मुद्दा दर्ता प्रक्रियामा लैजान, पहिले थुन पछि सुन जस्तो पुराना प्रवृत्ति हटाउन माग गरेका थिए ।

जिप्रका, पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बिचौलियालाई कारबाई गर्ने बताए । उनले दिनभरि बिचौलिया कार्यालयमा बसेर सर्वसाधारण र प्रहरीलाई भ्रमित गर्ने काम अबदेखि नहुने बताए । उनले महिला सेलमा हुने अनावश्यक भीड नियन्त्रण गर्ने बताए । प्रहरी कर्मचारीबाट कुनै किसिमको ढिलासुस्ती भएको पाइएमा गुनासो गर्न उनले आग्रह गरे ।

## पत्रकारलाई पेन्सन दिने कार्यविधि तयार

प्रस, वीरगंज, १८ पुस/

वीरगंज महानगरपालिकाको आम सञ्चारमाध्यम प्रवर्द्धन तथा नियमन समितिको बुधवार सम्पन्न बैठकले ज्येष्ठ पत्रकार पेन्सन योजनाको कार्यविधि तयार भइसकेकोले नगरपरिषद्बाट पारित गरेर कार्यान्वयनमा लैजाने निर्णय गरेको समितिका संयोजक ध्रुव अधिकारीले बताए ।

बैठकले सञ्चारकर्मीहरूका सूचना विज्ञापन प्रकाशनबापत लेखा शाखामा रोकिएको भुक्तानीको लागि आवश्यक समन्वय गरी भुक्तानी गराउने निर्णय पनि गरेको छ ।

यसैगरी, बैठकले महानगरपालिकाबाट जारी हुने सूचना विज्ञापनहरू एकद्वार प्रणालीबाट वितरण गर्ने र सूचना शाखाबाट समानुपातिक ढङ्गले सूचना र विज्ञापन वितरण गर्ने निर्णय गरेको संयोजक अधिकारीले बताए ।

उनकै अध्यक्षतामा बसेको बैठकमा सदस्यहरू अनुप तिवारी, राम सर्राफ, मनोज पटेल, माधुरी महतो, अमित अग्रवाल, आबिद हुसैन, बृजलाल पासवानलगायतको सहभागिता थियो ।

## बागमती पुल निर्माणको माग गर्दै चक्काजाम

प्रस, रौतहट, १८ पुस/

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत भौतिक तथा पूर्वाधार मन्त्रालय ठेक्का सकार गरी काम अधूरो राखेको थियो । पप्पुले काममा ढिलाइ गरेपछि



तस्वीरः प्रतीक

१३ वर्ष पहिले शिलान्यास गरेको बागमती पुल हालसम्म निर्माण नभएपछि स्थानीय बासिन्दाले बुधवार चक्काजाम गरेका छन् ।

पुल निर्माणको माग गर्दै उनीहरूले दिउँसो २ बजेदेखि ७२ घण्टासम्मका लागि दुर्गाभगवती गाउँपालिका–५ स्थित बमनहरमा चक्काजाम गरेका हुन् ।

चक्काजामका कारण गौरदेखि चन्द्रपुर जाने सडक अवरुद्ध भएपछि यो सडकखण्डबाट यात्रा गर्नेहरूलाई समस्या भएको छ । गत असोज १७ गत पुल निर्माणको माग गर्दै स्थानीय बासिन्दाले सिंहदरबारलाई ज्ञापनपत्र बुझाएका थिए ।

बागमती नदीले बर्सेनि यो क्षेत्रमा पुऱ्याउँदै आएको क्षतिबारे अवगत भएको तर तोकिएको अवधिमा बन्नुपर्ने पुल हालसम्म नबन्दा जनधनको क्षति भइरहेको भन्दै अविलम्ब पुल निर्माण गर्न ज्ञापनपत्रमा आग्रह गरिएको थियो ।

हुलाकी सडक अन्तर्गत पर्ने बागमती नदीमा पुल नबन्दा आवतजावतमा समस्या भएको भन्दै स्थानीयले बेलाबेलामा यो मुद्दा उठाउँदै आएका छन् । दुर्गा भगवती गापा–५ बडहर्वामा पर्ने बागमती नदीमा पुल निर्माणका लागि पप्पु कन्ट्रक्शनले ठेक्का रद्द गरी वाइपी महालक्ष्मी विकास जेभीलाई पुल निर्माणको ठेक्का दिएको थियो । तर उक्त निर्माण कम्पनी पनि अहिले फरार रहेको र काम अधूरो अवस्थामा भएको स्थानीयले बताए । ठेकेदार कम्पनीले बालुवाको सडक बनाई करोडौं रकम अनियमितता गरी फरार भएपछि अहिले बालुवाले सडक पुरिएको उनीहरूको आरोप छ ।

पूर्वप्रम नेपालले निर्वाचनताका पुल निर्माण गर्ने प्रतिबद्धता जनाएको तर हालका दिनमा सो सम्बन्धमा चासो नदेखाएको स्थानीयको आरोप छ ।

## नगरप्रमुख पाठकद्वारा विकास निर्माण अनुगमन

प्रस, पर्सागढी, १८ पुस/

पर्सागढी नगरपालिकाले ठेक्कामार्फत भएको र एक वर्षमा १.७ किलोमिटर सडक कालोपत्र गर्नुपर्ने सम्झौता अनुरूप समयभन्दा अगावै सम्पन्न हुने अनुगमनमा रहेका नगरप्रमुख पाठकले बताए ।



तस्वीरः प्रतीक

निर्माण गरिरहेको कोइलाभार प्रवेशद्वारदेखि कोइलाभार मन्दिर जाने बाटो कालोपत्र निर्माण कार्यको नगरप्रमुख गोकर्ण पाठकले बुधवार अनुगमन गरेका छन् ।

वैशाख १५ गतेदेखि ठेक्का सम्झौता कार्य भए–नभएबारे आज नगरप्रमुख पाठकसहितको टोलीले स्थलगत अनुगमन गरेको थियो । जिएस थोकर/गोविन्द ज्वाइन्ट भेचर भेडियारी पर्साले दुई करोड १९ लाख १८ हजारमा ठेक्का सकार गरेको हो । यो ठेक्का तोकिएको

उनले हालको प्रगति हेर्दा तोकिएको समयभन्दा एक महीना अगावै कार्य सम्पन्न हुने देखिएको प्रतिक्रिया दिए । अनुगमनमा राजकपुर खवास, वीरेन्द्र महतो, लक्ष्मी विक, भरत श्रेष्ठलगायत सहभागी थिए ।

## फतुवाविजयपुरका शिक्षकद्वारा धर्ना

प्रस, रौतहट, १८ पुस/

फतुवा विजयपुर नगरपालिकाका शिक्षकहरूले आजदेखि नगर पालिकामा तलबको माग गर्दै धर्ना दिएका छन् ।

साउन महीनादेखि तलब नपाएकोले शिक्षकहरू आजदेखि धर्नामा बसेको बताएका छन् । नगरपालिकाका मेयर गोपालराय यादव निलम्बनमा परेकाले उपप्रमुख अमवेया खातुन अहिले नगर प्रमुखको भूमिकामा छिन् ।

निलम्बित मेयर यादवका पक्षधर र उपमेयर खातुनका पक्षधरबीच कार्यालय प्रमुखको सरुवाको विषय लिएर हुँदै आएको विवादका कारण नगर पालिकाका नगरसभा हुन सकेको छैन ।



तस्वीरः प्रतीक

पटकपटक नगरसभा आह्वान भए पनि बैठकमा बहुमत नहुदाँ नगरसभा हुन नसकेको प्रशाकीय अधिकृत सुरेन्द्र प्रधानले बताए ।

**विचारसार एवं सूक्तिहरू**

**कसैभन्दा ठूलो वा सानो छु भन्ने अहम् नपाल, नम्र हृदयी बन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सरकारको पहल जरुरी

**नेपाल विद्युत् प्राधिकरणले देशभरिका २३ वटा ठूला उद्योगहरूको विद्युत् लाइन काटेपछि अहिले हजारौं मजदूरहरू बेरोजगार भएका छन्। डेडिकेटेड र ट्रङ्कलाइन विद्युतसम्बन्धी विवाद विगत पाँच महीनादेखि चुलिएको र अहिले आएर प्राधिकरणले ६१ वटा उद्योगहरूले सो सेवा लिएको तर भुक्तानी नगरेको भनेर धमाधम लाइन काटेपछि मजदूरहरू बेरोजगार बनेका हुन्। २०७० कात्तिकमा विद्युत् प्राधिकरणले लोडसेडिङको समयमा उद्योगहरूले सो सेवा माग गरेपछि आम उपभोक्ताहरूलाई दिंदै आएको सेवा कटौती गरेर डेडिकेटेड र ट्रङ्कलाइन सेवा उपलब्ध गराएको थियो। डेडिकेटेड लाइन र ट्रङ्कलाइन सेवाका लागि तत्कालीन अवस्थामा २९४ वटा उद्योगहरूले निवेदन दिएर तोकिएको दरभन्दा ६५ प्रतिशत बढी शुल्क तिरेर सेवा लिन राजी भएका थिए। सो सेवा लिएकामध्ये २३३ वटा उद्योगहरूले तोकिएको शुल्क तिरेको तर ६१ वटा उद्योगहरूले भने सेवा लिएबापतको अतिरिक्त शुल्क नतिरेको प्राधिकरणको दावी छ। प्राधिकरणले २०७७ असार महीनामा यससम्बन्धी सूचना जारी गरेर शुल्क बुझाउन भनेको थियो। तोकिएको समयमा शुल्क नबुझाउने उद्योगहरूको लाइन काटिने चेतावनी दिएपछि उद्योगी, व्यवसायीहरूको सङ्गठनले यसबारे पहल गरेको थियो र तत्कालका लागि विद्युत् लाइन नकाट्न प्रधानमन्त्री पुष्पकमल दाहालले प्राधिकरणलाई निर्देशन दिएका थिए ।**

**प्रधानमन्त्रीको निर्देशनपछि रोकिएको उद्योगहरूको लाइन काटिने काम करीब दुई साताअघि यिनै प्रधानमन्त्रीले शुल्क बुझाउन र नबुझाएका उद्योगहरूको लाइन काटिदिन निर्देशन दिएपछि प्राधिकरणले पहिलोचरणमा ५० लाख बढी बक्यौता रहेका उद्योगहरूको लाइन काटन शुरु गरेको हो। ६१ वटा उद्योगबाट प्राधिकरणले २२ अर्ब बक्यौता दावी गरेको छ। तर सो बक्यौता कसरी बाँकी छ भन्ने आधिकारिक प्रमाण भने अहिलेसम्म दिन सकेको छैन। बक्यौता रहेका उद्योगहरूले अहिले पनि प्राधिकरणलाई उद्योगले खपत गरेको विद्युत्को टिओडी मिटरको डाटासहित खपत भएको प्रमाण पेश गरी महसूल भुक्तानको दावी गर्न भनेका छन्। प्राधिकरणले ६१ वटा उद्योगहरूले तत्कालीन अवस्थामा भुक्तान गरेको महसूल रकम डेडिकेटेड र ट्रङ्कलाइन जडान गर्दा अतिरिक्त ६५ प्रतिशत नगरी नियमित महसूल मात्र तिरेको दावी गर्दै आएको छ। सरकारले २०७५ जेठ १ गतेदेखि लोडसेडिङ्ग अन्त्य भएको घोषणा गरेको थियो। तर अतिरिक्त शुल्कका लागि भने २०७७ असारदेखि पहल गरेको थियो। लोडसेडिङ समाप्त भएको दुई वर्षसम्म प्राधिकरण यत्रो ठूलो बक्यौता नउठाएर चुप बस्नु र अहिले आएर आधार प्रमाण पेश गर्न नसक्नु कमजोरी देखिन्छ।**

**उद्योगीहरूले महसूल तिर्दिनँ भनेका छैनन्। प्राधिकरणको दायित्व हुन जान्छ महसूल यो बापत तिर भनेर प्रमाण पेश गर्ने। प्राधिकरणले महसूल बक्यौताको प्रमाण पेश गर्ने र उद्योगीहरूले महसूल तिर्ने वातावरण बन्नुपर्छ। यसका लागि सरकारी पहल आवश्यक छ। सरकारले यत्रो कुराको पनि समाधान समयमा गर्दैन भने उस्को आवश्यकता नै किन ? अहिले उद्योगहरूको [redacted] कामदारहरू बेरोजगारको शिकार [redacted] आर्थिक सङ्कटबाट गुज्रिरहेको छ। [redacted] र नदेखेर युवाहरू विदेशिने क्रम [redacted] भएको रोजगार जोगाउने र थप [redacted] गर्नेभन्दा पनि भएको रोजगार [redacted] सुहाउँदो कुरा होइन।**

# जाडो र बालबालिका

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**

mitrasanjay41@gmail.com

**अभिभावककहाँ विभिन्न माध्यमले पुग्ने बालस्वास्थ्य तथा जाडोबाट जोगाउन गरिने हेरचाहको तरीका तथा अन्य विधिबारे यदि सही र सकारात्मक विचार पुगिरहेको छैन भने त्यसले बालबालिकालाई नोक्सान पुऱ्याउन सक्छ।**

अहिले जाडो शुरू भइसकेको छ। जाडोको मुख्य समयको विषयमा समाज अनुसार विभिन्न अनुमान प्रचलनमा रहेका छन्। कतिपयले मङ्सिरको अन्तिमदेखि पूरा पुस र माघलाई जाडोको मुख्य समय मान्ने गरेका छन्। कतिपयले अङ्ग्रेजी तारिख बाइस डिसेम्बरदेखि पचास दिनलाई मीनपचास भन्दा रहेछन्। यो मीन पचास दिन नै जाडोको मुख्य दिन हो भन्ने मान्यतालाई अगाडि सार्ने गरेका छन्। कपितयको भनाइ यो पनि रहेको छ कि पुसको शुरूआतदेखि फागुनको महाशिवरात्रिको दिनसम्मको मुख्य पचास दिन नै मुख्य जाडो हो। यो वास्तविक मीनपचास हो। महाशिवरात्रिदेखि जाडो कम हुँदै जाने जनविश्वास रहेको छ।

उसो त गाउँ–देहातमा पुसको दिन फुसफास भन्ने गरिन्छ। पुसको दिन बितेको पत्तै नहुने भन्ने मनोविज्ञानलाई यसले सङ्केत गरेको हुन्छ। खास काम गर्ने समय हुँदैन र जाडोले जनजीवन कठ्याङ्ग्रिको हुन्छ। त्यसैले यसरी भनिएको हुनुपर्छ। अनि जुन वर्ष बढी जाडो हुन्छ, त्यो वर्ष भन्ने गरिन्छ कि ‘गेल माघ उन्तीस बाँकी’ अर्थात् माघ महीनाको पहिलो दिन कटिहाल्यो अब केवल उन्तीस दिन बाँकी छ। पहिलो दिनदेखि नै कठिन जाडोको समय कम हुन थालेको र अब जाडो धेरै दिन नरहने भन्ने सकारात्मक मनोविज्ञान यस उखानले विस्तार गरेको छ। मानिसलाई पनि यो विश्वास हुन्छ कि माघ लागेसँगै अब दिनको अवधि लामो हुन थाल्छ र जाडो बिस्तारै घट्दै जान्छ। यसैले कपितयले यसरी पनि भन्दछन् कि जाडो माघको पहिलो दिनदेखि कम हुन शुरू हुन्छ र श्रीपञ्चमीको दिनदेखि बुझिने गरी कम हुन थाल्छ। बुझिनेगरी जाडो कम हुँदा सर्वसाधारणमा एक किसिमको उत्साह सञ्चार भइरहेको हुन्छ।

जाडो छिटो कटोस् भन्ने चाहना विभिन्न उखानहरूमा किन विम्बित भएको होला। विभिन्न मान्यताहरूले जाडोलाई नराम्रो मानेको र जाडो वा कठिन दिन धेरै दिन नटिकोस् भन्ने सामाजिक मनोविज्ञान भएर हो कि ? उखानलाई त समाजको उपज पनि मानिन्छ। कुनै जमानामा जाडोको दिन निकै कठिन हुने गरेको र जाडोबाट जोगिन मानिसले धेरै प्रयास गर्ने गरेको र सम्भव भएसम्म छिटै जाडोको दिन समाप्त होओस् भन्ने चाहना राख्ने गरिन्थ्यो। आज पनि जाडोलाई अन्य महीनाको तुलनामा निकै कठिन समय मानिन्छ। यद्यपि अहिले विभिन्न साधनको विकास भइसकेको छ तर पनि सर्वसाधारणका लागि वर्षभरिका सबै मौसममा जाडो निस्सन्देह कठिन दिन हो। अहिले पनि जब जाढो बढ्छ, शीतलहर चल्न थाल्छ तब दिउँसैको चीसो बतासको सामना गर्न जसकसैलाई अप्ठ्यारो हुन्छ। घाम लागेको छैन र हावा चलिरहेको छ भने त्यस दिनलाई जसकसैले कठिन दिनको रूपमा लिने गर्छन्। लिनु पनि पर्छ। जाडोको सामना गर्नु सामान्य युद्ध हुँदैन।

जाडोले बालीनाली, पशुपक्षी तथा सबै उमेरका मानिसलाई प्रभावित पार्दछ। जाडोले सबैभन्दा प्रभावित पार्ने सुत्केरी, शिशु, बिरामी र वृद्धवृद्धालाई हो। उमेर र अन्यान्य कारण त छँदैछ, तर सबैभन्दा बढी प्रभावित निम्न वर्ग हुने गर्दछ। अझ निम्न वर्गको दलित समुदायमा जाडोको सबैभन्दा बढी नकारात्मक प्रभाव देखिन्छ। जाडोले सबै वर्ग, समुदाय, उमेर तथा लिङ्गलाई उस्तै प्रभाव पार्ने भए पनि बालबालिका नराम्ररी प्रभावित हुन्छन्। बालबालिकाहरू अबुझ हुने भएकाले आफैंले जाडोबाट जोगिने प्रयत्न गर्दैनन्। यस कारण बालबालिकाले सबैभन्दा बढी कुप्रभाव बेहोर्नुपर्दछ। चीसोले बालबालिकाको स्वास्थ्यमा सबैभन्दा बढी समस्या देखा पर्ने भएकोले बालस्वास्थ्यमा बढी ध्यान दिनुपर्छ। बालबालिकालाई चीसोबाट सकेसम्म जोगाउनुपर्छ अनि जाडोले पुऱ्याउने नोक्सानीबाट जोगाउन सकिन्छ। यसको लागि सार्थक र पहिलो उपाय भनेको अभिभावकको सचेतना हो। किन बालबालिकालाई चीसोबाट जोगाउनुपर्छ र कसरी जोगाउन सकिन्छ–यी दुई पक्षबारे बुझ्नु आवश्यक छ।

आलाकाँचा बालबालिका उमेरले चञ्चल हुन्छन्। अझ कतिपय अबोध बालबालिकालाई अगाडि जे राम्रो लाग्छ, त्यही गर्ने गर्दछन्। चेतनाको अभाव हुन्छ। यस्ता बालबालिकालाई जाडोले बिगार गर्छ भन्ने पनि थाहा हुँदैन। यदि काखमैं लिइराख्ने वा ओछ्यानमा भुल्यारहने हो भने पनि बाहिर खेल्न वा घुम्नका लागि छट्पटिइरहन्छन्। अहिले जुन किसिमको जाडो छ, यस्तोमा बालबालिकालाई जाडोबाट एकदमै सुरक्षित राख्नुपर्छ। बालबालिकाका अभिभावकहरूलाई नै कसरी सुरक्षित राख्नेबारे जानकारी दिनुपर्छ। विपन्न परिवारसित हुन सक्छ कपडाको अभाव होला, तब पनि चेतना त चाहिन्छ। बालबालिकालाई कम्तीमा पर्याप्त कपडा हुनुपर्छ। सम्भव भएसम्म पूरा टाउको छोप्ने र अनुहारबाहेक घाँटी पनि छोपिनेगरी न्यानो कपडा लगाउनुपर्छ। कपडा सफा पनि हुनुपर्छ। अझ सम्भव हुन्छ भने बालबालिकाको उमेर अनुसार अत्यन्त जाडोको बेला चीसो भुइँमा खेल्न दिनुहुँदैन। चीसा भुइँमा खेल्न जाँदा जुत्तामोजा लगाइदिनुपर्छ। साना बालबालिकालाई कपडाकै जुत्ता राम्रो हुन्छ, नरम पनि हुने र जसरी खेले पनि हुने। बालबालिकाको हातमा यदि सम्भव छ भने पञ्जा लाइदिऔं। यी कपडाहरूले जाडोबाट अलिकति भए पनि, केही बेर नै भए पनि, जोगाउँछ। बालबालिकालाई पानीमा खेल्न खूब रमाइलो लाग्छ तर अहिलेको मौसममा पानीबाट जोगाउनुपर्छ। लाएको लुगा, पञ्जा, मोजा आदि पानीले भिजेमा शीतलहरमा सुकाउन निकै मुश्किल हुन्छ। गाउँ–देहातमा घुर बाल्ने चलन छ। बालबालिकालाई बेलाबेलामा आगो तपाउन सकिन्छ जसले जीउ तातो होओस् तर घुर वा अन्य किसिमको आगोबाट बालबालिकालाई भने जोगाउनुपर्छ। आगोनजीक खेल्न दिनुहुँदैन, आगोलाई छुन दिनुहुँदैन।

बालबालिकालाई जाडोबाट जोगाउनका लागि आमाले पनि विशेष ध्यान दिनु उचित हुन्छ। ती आमा जसले बालबालिकालाई आफ्नो दूध ख्वाइरहेकी छन्, यस्ता आमाले पनि जाडोबाट जोगिनुपर्छ। आमा स्वस्थ भए बालबालिका पनि स्वस्थ रहन्छन्। आमा नै बिरामी हुन्छिन् भने बालबालिका पनि बिरामी पर्ने डर रहन्छ। स्वास्थ्यसम्बन्धी समाचारहरूमा आइरहन्छ, जाडो महीनामा झोलिलो वा रस बढी हुने खाना खानुपर्छ। धेरै चीसो खानुभन्दा मनतातो खाना खाएको राम्रो। आमालाई पनि यस्ता कुरामा ध्यान दिनुपर्छ। सम्भव भएसम्म पानी उमालेर सेलाएको वा कम्तीमा मनतातो खानुपर्छ। जाडोमा पानी पर्याप्त खानुपर्छ भनिन्छ। जाडोमा खासै तिर्खा लाग्दैन तर शरीरलाई दैनिक वा नियमित जति पानी चाहिन्छ, त्यत्ति खानुपर्छ र खाइरहनुपर्छ। जाडो महीनामा स्वास्थ्यको लागि मनतातो पानी निकै राम्रो मानिन्छ। स्वास्थ्यसम्बन्धी अन्य किसिमका जानकारी पनि विभिन्न सञ्चारमाध्यमहरूले दिइरहनुपर्छ र सर्वसाधारणले पनि जुन सञ्चारमाध्यम पायकपर्छ त्यसलाई हेर्नु वा पढ्नुपर्छ। सञ्चारमाध्यम तथा सामाजिक सञ्जालले सम्भव भएसम्म आधिकारिक कुरा वा कतैबाट स्रोत उल्लेख गरेर नै यस्ता जनचेतनामूलक सन्दर्भ सामग्रीहरू प्रकाशन गर्नु उचित हुन्छ। बालबालिकाको लागि जाडोमा काम लाग्ने खुराक दिंदा अत्यन्त सचेत हुनु आवश्यक हुन्छ।

अभिभावकले पनि सम्भव भएसम्मको सुख वा सुविधा आफ्ना नानीबाबुलाई दिन चाहन्छन्। अभिभावककहाँ विभिन्न माध्यमले पुग्ने बालस्वास्थ्य तथा चीसोबाट जोगाउन गर्नुपर्ने हेरचाहबारे सही र सकारात्मक विचार पुगिरहेको छैन भने त्यसले बालबालिकालाई नोक्सान पुऱ्याउन सक्छ। अभिभावकहरूले पनि सकेसम्म आधिकारिक स्रोतको सूचनाको आधारमा काम गर्नु उचित हुन्छ। आजभोलि सामाजिक सञ्जालमा जथाभावी सामग्री आउन थालेका छन्। यी सबै किसिमका सुविधा र पृथक साधनबीच काम लाग्ने सही र तथ्यपरक सामग्री चयन गर्नु उचित हुन्छ जसले बालबालिकालाई नोक्सान नपुगोस्।

# युवालाई गाउँमै रोजगारी दिन ‘श्रम बैंक’

गण्डकी, १७ पुस/रासस

विदेश पलायन घटाई युवालाई गाउँमैं रोजगार दिन बागलुङको ताराखोला गाउँपालिकाले ‘शहीद विश्व श्रम रोजगार बैंक’ सञ्चालनमा ल्याएको छ। अर्गलस्थित गाउँपालिकाको सभाकक्षमा मङ्गलवार आयोजित समारोहमा उक्त श्रम रोजगार बैंक शुभारम्भ गरिएको हो।

सांसद देवेन्द्र पौडेलको उपस्थितिमा गाउँपालिकाका अध्यक्ष धनबहादुर विक ‘हिमाल’ले श्रम रोजगार बैंकमा आबद्ध ६७ सदस्यलाई शपथ ग्रहण गराएका थिए। युवालाई गाउँमैं रोजगार सिर्जना, स्थानीय सीप र श्रमको सदुपयोग, मानव संसाधनमार्फत गाउँपालिकाको समग्र विकासलगायत उद्देश्य राखेर श्रम रोजगार बैंक सञ्चालनमा ल्याइएको उनले बताए।

रोजगार बैंकमा आबद्ध सदस्यलाई गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माणका आयोजना, निजी क्षेत्र, निर्माण व्यवसाय, कृषि, सहकारी र उद्यम विकासका काममा लगाइने उनले बताए। “गाउँपालिकामा सञ्चालन हुने विकास योजना, ढुङ्गाखानी उत्खननलगायत स्थानीय उद्योगधन्दामा आवश्यक जनशक्ति आपूर्ति र रोजगार सिर्जना गरी वैदेशिक रोजगारमा जाने प्रवृत्ति न्यूनीकरण गर्न श्रम रोजगार बैंक सञ्चालनमा ल्याइएको हो”–अध्यक्ष विकले भने–“पहिलो चरणमा वडा तहबाट आवेदन सङ्कलन गरेर रोजगार बैंकमा ६७ जनालाई सूचीकृत गरेका छौं।”

स्थानीय दक्ष जनशक्ति परिचालन गरी विकास योजनालाई समयमैं र गुणस्तरीयरूपमा सम्पन्न गराउने, युवाको सीप र दक्षताको प्रयोगमार्फत सामाजिक रूपान्तरण, सामाजिक विकृति न्यूनीकरण, श्रमिकको सम्मान र सुरक्षा गर्ने बैंकको उद्देश्य रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले बताए।

गाउँपालिकाले बजेट विनियोजन गरेका, सङ्घीय र प्रदेशका आयोजनामा श्रम बैंकमार्फत जनशक्ति आपूर्ति गरिने उनले उल्लेख गरे। गाउँपालिकाभित्र रहेका निर्माण व्यवसायी र सञ्चालकहरूलाई पनि रोजगार बैंकमा सूचीकृत गरिने जनाइएको छ।

चालु आर्थिक वर्षमा रु तीन करोड छ लाख बजेट बराबरको योजना श्रम बैंकमार्फत कार्यान्वयन गरिने गाउँपालिकाका प्रशासकीय अधिकृत प्रकाश गैरेले बताए। “विकास निर्माणका अलावा सामाजिक गतिविधिमा पनि श्रम बैंकका जनशक्तिलाई परिचालन गर्छौं”–उनले भने–“श्रम बैंक सञ्चालनका लागि कार्यविधि बनाएका छौं, श्रमिकको सम्मान र श्रमको उचित ज्यालाको सुनिश्चितता गर्न गाउँपालिका प्रतिबद्ध छ।”

गाउँपालिकाले ताराखोलामा रहेका सबै दुई हजार दुई सय घरधुरीबाट एक–एकजनालाई बैंकमा आबद्ध गराउने लक्ष्य लिएको छ। कार्यविधिमा दैनिक आठ घण्टा काम गर्ने मजदूरलाई गाउँपालिकाको योजनामा प्रतिघण्टा रु ११०, प्रदेश, सङ्घीय योजना र निजी क्षेत्रका काममा प्रतिघण्टा रु ११५ का दरले ज्याला उपलब्ध गराइने व्यवस्था छ।

मासिक रु १७,३०० ज्यालामध्ये ३१ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरिने भएको छ। गाउँपालिकाले श्रमिकलाई काम दिन नसके वा श्रमिकको एक महीनाको ज्याला रु १०,८२० भन्दा कम दिएमा सामाजिक सुरक्षा कोषमा गाउँपालिकाले २० प्रतिशत र श्रमिकले ११ प्रतिशत जम्मा गर्ने व्यवस्था गरिएको छ।

एक महीनाको ज्याला रु १०,८२० भन्दा बढी भएमा गाउँपालिकाले १० प्रतिशत र श्रमिकले २१ प्रतिशत बराबरको रकम जम्मा गर्नुपर्नेछ। श्रम बैंकमा आबद्ध निर्माण व्यवसायीले सामाजिक सुरक्षा कोषमा २६ प्रतिशत र गाउँपालिकाले ६ प्रतिशत जम्मा गर्नेछ।

श्रम बैंकमा आबद्ध श्रमिक र आश्रित परिवारलाई सामाजिक सुरक्षा भत्ता, औषधि उपचार, मातृत्व सुरक्षा योजना, बिरामी बिदा, दुर्घटना बीमा, किरिया खर्च, शैक्षिक छात्रवृत्तिलगायत सुविधा उपलब्ध गराइने गाउँपालिकाले जनाएको छ। एकजना श्रमिकको सामाजिक सुरक्षाका लागि उनीहरूको १० प्रतिशत सहभागितासहित वार्षिक रु १,१५,०१९ खर्च गरिने भएको छ।

श्रम रोजगार बैंकमा आबद्ध सदस्यहरूका लागि कार्यस्थलमा मादक पदार्थ सेवन गर्न नपाउने, तोकिएको पोशाक र सामग्रीसहित गाउँपालिकाले लगाएको काम गर्नुपर्ने, काममा अनुपस्थित हुँदा व्यवस्थापकलाई जानकारी गराउनुपर्ने, सार्वजनिकरूपमा गाउँपालिकाविरुद्ध अभिव्यक्ति दिन नपाउनेलगायत आचारसंहिता बनाइएको गाउँपालिकाका अध्यक्ष विकले बताए।

श्रम रोजगार बैंकमा आबद्ध चन्द्रबहादुर रोकाले गाउँपालिकाले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्ने माग

पाटन (ललितपुर), १८ पुस/ रासस

चिकित्सकको सिफारिशका आधारमा बिरामीले औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्ने कुरामा विज्ञहरूले जोड दिएका छन्। मङ्गलवार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले आयोजना गरेको 'गाँजाको औषधिजन्य गुण र त्यसको सामाजिक प्रभाव' विषयक विज्ञान संवादमा सो कुरा उठाइएको हो।

काठमाडौं विश्वविद्यालय स्कूल अफ साइन्स, फार्मेसी विभागका प्रा डा पन्ना थापाले मेडिकल जाँच गर्ने क्रममा गाँजाको प्रयोगबाट ठीक हुने प्रमाणित भए बिरामीमा प्रयोगका लागि सिफारिश गरिने भएकाले बिरामीले पनि औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्ने र सोही अनुसार कानूनी व्यवस्था गरिनुपर्ने कुरामा जोड दिएका हुन्।

"बिरामीले औषधिका रूपमा गाँजा प्रयोग गर्न पाउनुपर्ने कुरामा विज्ञहरूको जोड छ। मेडिकल जाँच गर्ने क्रममा गाँजाको प्रयोगबाट ठीक हुने प्रमाणित भएको अवस्थामा बिरामीलाई प्रयोग गर्न सिफारिश गर्ने गरिन्छ, धेरैजसो देशले औषधिका रूपमा प्रयोग गर्न पाउनुपर्छ भनेर पैरवी गरेका छन् तर हामीले २० वर्षभन्दा मुनिका लागि भने प्रयोगमा अनुमति दिनुहुँदैन"–उनले भने।

प्राडा थापाले गाँजा विशेष किसिमको वनस्पति भएको र नेपालमा अहिलेसम्म तीन प्रकारको गाँजा पाइने उल्लेख गर्दै चीनबाट शुरू भएको गाँजाको प्रयोग अहिले निद्रा नलाग्दा र एन्जाइटीमा प्रयोग गर्न सकिने धारणा व्यक्त गरे। उनले शक्तिशाली देशले गरीब देशलाई कमजोर बनाएर राख्ने रणनीति अनुरूप औषधीय गुणलाई बेवास्ता गर्दै गाँजालाई बन्देज गरिएको बताए। नेपालकै इतिहासमा पनि विसं १९७३ भन्दा पहिले गाँजा औषधीय रूपमा प्रयोग गरेको पाइन्छ भन्दै डा थापाले गाँजाको टुप्पोदेखि जरासम्म सबै उपयोगमा आउने र यसलाई राम्ररी नियमन गर्न सके आर्थिक उपार्जनको माध्यम बन्न सक्ने जानकारी गराए।

राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशचन्द्र पौडेलले गाँजाको प्रयोगसम्बन्धी तीन सय वर्षको इतिहास भेटिने उल्लेख गर्दै गार्मेन्ट र टेक्सटाइलमा पनि कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने देखिएको जानकारी गराए।

"गुल्मीको कफीलाई जापानसँग लिंक गरेपछि सहज भएजस्तै गाँजालाई पनि औषधीय गुणसँग जोडेर अन्तर्राष्ट्रियकरण गरिनुपर्छ। आयातित प्रवृत्तिले हाम्रो गर्विलो इतिहासलाई मेटाउँदै छौं, विगतका शासन प्रणालीमा भएको कमजोरीले हाम्रो मौलिकतालाई गुमाउँदै छौं"–डा पौडेलले भने–"गाँजालाई धूमपानका रूपमा प्रयोग गर्ने पद्धति मात्र बन्देज गर्न सकेको भए हुन्थ्यो, अन्तर्राष्ट्रिय प्रभावका कारण औषधीयरूपमा पनि प्रयोग गर्न बन्देज गरेर हामीले सबै अवसर गुमायौं। बन्देज गर्नेगरी बनेका र भएका कानूनलाई १६औं आवधिक योजनामा परिमार्जन गर्न पहल गर्नेछु।"

नास्टका उपकुलपति प्रा डा दिलीप सुब्बाले गाँजा उत्पादन, उपभोग, प्रशोधन र बजारीकरणको विषय पेचिलो बनेको र नीति निर्माण तहमा विवादास्पद विषय बनेको धारणा व्यक्त गरे। उनले सबै पक्ष केलाएर वैज्ञानिक, सामाजिक र मानवीय पक्षलाई ध्यान दिएर अगाडि बढ्न जोड दिए। नीति र कानून निर्माणमा ठोस सहयोग पुगोस् भन्ने धारणा व्यक्त गर्दै सरकारमा लाभदायक देखिनेगरी प्रतिवेदन पेश गर्न सकिने उनले अपेक्षा गरे।

गाँजासम्बन्धी नीति–नियमबारे चर्चा गर्दै बौद्धिक सम्पत्ति केन्द्र नेपालका कार्यकारी निर्देशक अधिवक्ता राजकुमार सुवालले मनिप्लान्टको सट्टा घरको कोठाभित्र गाँजा रोप्न सक्यौं भने हावाको कार्बनडाइअक्साइड शुद्धीकरण गर्न सकिने धारणा व्यक्त गरे। उनले कानूनीरूपमा बन्देज गरिएका देशमा मेडिकल क्षेत्रमा एकै वर्षमा चार सयभन्दा बढी बिरामीलाई गाँजा प्रयोगका लागि सिफारिश भएको पाइएको धारणा व्यक्त गरे।

गाँजासम्बन्धी भएका अनुसन्धान र हालसम्मको उपलब्धि प्रस्तुत गर्दै नास्टका वैज्ञानिक डा सजनलाल स्याउलाले कुन खालको गाँजा कुन उपचारमा उपयोगी हुन्छ भन्ने कुरा अनुसन्धान गर्न आवश्यक छ भने।

कुन औषधिमा के प्रयोजनका लागि गाँजा प्रयोग हुन्छ भन्ने अनुसन्धान पनि आवश्यक भएको धारणा व्यक्त गर्दै उनले यसको प्रयोग व्यवस्थित गर्न र दुरुपयोग निरुत्साहित गर्न कसरी नियमन गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिएर नीति–निर्माण गर्न जोड दिए।

हेम्प उद्योगका प्रबन्ध निर्देशक गणेश ऐडीले गाँजाको आर्थिक पक्षबारे चर्चा गर्दै अहिलेसम्म ऐन–नियममा भएका छिद्रलाई टेकेर काम गर्नुपर्ने बाध्यता छ भने। नेपालको ५२ जिल्लामा यसको खेती गर्न सकिने उल्लेख गर्दै उनले यसबाट ४० लाख किलो रेसा र २० लाख किलो दाना उत्पादन गर्न सकिए पनि हाल चार लाख ५० किलोमात्रै रेसा र दाना उपलब्ध हुने गरेको छ भने।

गाँजा क्षेत्रमा कार्यरत अनुसन्धानकर्मी, सङ्घसंस्था, मन्त्रालय सबैलाई एकै थलोमा ल्याई, गाँजासम्बन्धी नेपालमा भइरहेको कार्यक्रमबारे जानकारी गराउने उद्देश्यका साथ आयोजित विज्ञान संवादमा विभिन्न क्षेत्रका विज्ञहरूले आआफ्ना धारणा व्यक्त गरेका थिए।

# १२५ जनाको निश्शुल्क आँखा परीक्षण

प्रस, वीरगंज, १८ पुस/

नेपाल अपाङ्ग सङ्घ, पर्साको आयोजनामा गीता मन्दिर प्राङ्गणमा बुधवार निश्शुल्क आँखा चेकजाँच शिविर सम्पन्न भएको छ।



तस्वीर: सौजन्य

शिविरमा १२५ जनाको आँखा परीक्षण गरिएकोमा २० जनामा मोतियाबिन्दु भेटिएको थियो।

माट्रिका आई फाउन्डेशनको सहयोगमा आयोजित शिविरको अध्यक्षता सङ्घका अध्यक्ष शम्भु पासवानले गरेका थिए भने उद्घाटन नारायणी अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ताले गरेका थिए। सो अवसरमा अध्यक्ष गुप्ताले नारायणी अस्पतालमा सेवाहरू विस्तार भइरहेको र त्यसबाट आम मानिस लाभान्वित हुने गरेको बताए। उनले अस्पताल अपाङ्गमैत्री भएको र चौबीसै घण्टा सो सम्बन्धी सेवा प्रवाह गर्न तयारीमा रहेको बताए।

कार्यक्रममा मदन गुप्ता, राजेश महतो, ओमकुमारी शर्मालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत डा पुरुषोत्तम दुबेले र सहजीकरण मनोज यादवले गरेका थिए।

# यस वर्ष पनि आचार्यले दलितसँग जन्मदिन मनाए




तस्वीर:सौजन्य

प्रस, वीरगंज, १८ पुस/

सिन्धुली जिल्ला दुधौली नगरपालिका–४ पाखाटोल डकाहा निवासी ४४ वर्षीय प्रकाश आचार्यले आफ्नो जन्मदिन पर्सा जिल्लाका दलित समुदायलाई खाना र शैक्षिक सामग्री वितरण गरी मनाएका छन्।

प्रत्येक वर्ष उनले पर्साका दलित विद्यार्थी र स्थानीय दलित अगुवाहरूलाई खाना खुवाएर तथा विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गर्दै आएको पिस फर दलित फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए। जनवरी ३ मा जन्मेका उनले आज पर्सा जिल्लामा रहेका निश्शुल्क ट्युशनमा अध्ययनरत १७३ जना र अन्य दलितसहित गरेर २६९ जनालाई दाल, भात, मासु, तरकारी, मिठाइ खुवाएर विद्यार्थीहरूलाई शैक्षिक सामग्रीसमेत वितरण गरेका थिए।

आचार्यले पर्सा जिल्लाका दलितहरूको शिक्षामा पहुँच बढाउनको लागि बेलाबखत सहयोग गर्दै आएका छन्। कार्यक्रममा दीपेन्द्र राम, प्रभानन्द राम, अलि असगर, सुरेन्द्र पासवान, संयोग राम, विनोद रामलगायतको सहभागिता थियो।

# दुई सय गरीबलाई कम्बल वितरण


तस्वीर: सौजन्य

प्रस, वीरगंज, १८ पुस/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर वीरगंजले वीरगंज महानगर–१६ नगवाका गरीब, विपन्नलाई कम्बल वितरण गरेको छ।

ग्रीन सिटीका कोषाध्यक्ष ज्योति रूँगटाका पिता पवन रूँगटाको आर्थिक सहयोगमा वडामा रहेका दुई सयजना गरीब विपन्नलाई कम्बल वितरण गरिएको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक ध्रुव श्रेष्ठ, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटी, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, वडाध्यक्ष परशुराम चौरसिया, स्थानीय समाजसेवी तारादेवी चौगाई, विकाश गुप्तालगायतको सहभागिता थियो।

# २४० जनालाई सिरक वितरण



तस्वीर: प्रतीक

प्रस, परवानीपुर, १८ पुस/

श्री संसारीमाई युवा क्लब, वीरगंज–२१ ले सोही वडाको ताजपुरटोलमा २४० थान सिरक वितरण गरेको छ। गाउँमै आयोजित एक कार्यक्रमबीच गरीब, असहाय, दलित, विपन्नहरूलाई सिरक वितरण गरिएको हो।

क्लबकी अध्यक्ष रमिता कुशवाहाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा सिरक वितरण गरिएको हो। सिरक साहिब दरबार सेवा संस्थान वीरगंजले सहयोग गरेको थियो। सो अवसरमा वडाध्यक्ष राधाकृष्ण रौनियार, जसपा नेता सञ्जय मण्डल, क्लबका कोषाध्यक्ष रमेश कुशवाहा, सचिव रुपेश कुशवाहालगायतको सहभागिता थियो।

# भारत र चीनमा कोरोनाको नयाँ भेरिएन्ट
## नेपालमा सजकता अपनाउन आग्रह

काठमाडौं, १८ पुस/रासस

छिमेकी मुलुक भारत र चीनमा कोरोनाको नयाँ भेरिएन्ट देखा परेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा सजकता अपनाउन आग्रह गरेको छ। भारत र चीनमा कोरोनाको नयाँ भेरिएन्ट जेएन–१ फैलिरहेकोले नेपालमा पनि फैलिन सक्ने भएकोले मन्त्रालयले सजगता अपनाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टीलगायतमा मास्कको प्रयोग गर्न, भौतिक दूरी कायम राख्न र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गरेका छन्। उनले नेपालमा अनुवांशिक अध्ययन गर्दा अहिलेसम्म उक्त नयाँ भेरिएन्ट पुष्टि नभएको बताए।

मन्त्रालयले विश्वका केही देशमा कोभिड–१९ को सङ्क्रमणको नयाँ भेरिएन्ट जेएन–१ को जोखिम बढिरहेको

(बाँकी पाँचौं पातामा)



जानकी मन्दिर र जनकपुरधामवासीद्वारा बिहीवार भारतको अयोध्या लगिने भार बोक्दै महन्त रामरोशन दास वैष्णव। तस्बिर: रासस

# जनगणनाको परिसूचकको वैज्ञानिक अध्ययन आवश्यक

कीर्तिपुर, १८ पुस/रासस

जनसङ्ख्याविद्ले बढ्दो जनसाङ्ख्यिक असन्तुलन र आप्रवासनबाट भविष्यमा उत्पन्न हुने समस्या निराकरण गर्न जनगणनाका परिसूचकको वैज्ञानिक र व्यवस्थित अध्ययन हुनुपर्ने बताएका छन्।

त्रिभुवन विश्वविद्यालय, जनसङ्ख्या शिक्षा केन्द्रीय विभागद्वारा मङ्गलवार आयोजित सञ्चारकर्मीसँग छलफलमा उनीहरूले देश जनसङ्ख्याको उतारचढाव अनुरूप विकासका योजनाहरू बनाउन सबै क्षेत्रका कर्मचारीसँग जनसङ्ख्यासम्बन्धी ज्ञान हुनुपर्ने र विश्वविद्यालयबाट विषयविज्ञ उत्पादन गर्न जोड दिएका थिए।

कार्यक्रममा विभागका प्रमुख प्राध्यापक डा योगेन्द्र गुरुङले विगतमा जनसङ्ख्या नियन्त्रणलाई प्रमुख नीति बनाउँदै आएको नेपालमा जन्मदर कुल जनसङ्ख्याको एक प्रतिशतबाट तल झरेपछि जनसङ्ख्या व्यवस्थापनतर्फ जानुपर्ने भएको उल्लेख गरे। उनले भने–"एकातर्फ सात प्रतिशत पुगेको ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाका लागि रणनीति बनाउनुपर्ने छ भने अर्कोतर्फ २८ प्रतिशत बालबालिकाको भविष्यका लागि सोच्नुपर्ने अवस्था छ। देशको आर्थिक सामाजिक र राजनीतिक नीति निर्माणका लागि जनसङ्ख्याको अध्ययन आवश्यक छ।"

विभागका सहप्राध्यापक डा पद्मप्रसाद खतिवडाले विगतमा एक सन्तान नीति लिएको छिमेकी राष्ट्र चीनले सन् २०२१ मा आइपुग्दा 'एक दम्पती, तीन सन्तान' लाई प्रोत्साहन गरेकोबाट नेपालले पनि शिक्षा लिनुपर्ने बताए।

युवा र दक्ष जनशक्ति बाहिरिने क्रम तीव्र हुनु र जनसङ्ख्यामा आएको उतारचढावका कारण जनसङ्ख्या शिक्षाको महत्त्व थप वृद्धि भएको डा खतिवडाले बताए। यसैलाई दृष्टिगत गरी विभागले यस वर्षदेखि पाँचजना विद्यार्थीलाई छात्रवृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र अनुसन्धान कार्यक्रममा सहभागिताको अवसरसमेत विद्यार्थीलाई दिइने जानकारी पनि उनले दिए।

विभागले आप्रवाससम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सहकार्यमा जनसङ्ख्या विषयका अध्येताहरू, सरकारी कर्मचारी र कूटनीतिक क्षेत्रमा क्रियाशीलहरूलाई समेत लक्षित गरी दुई हप्ते सघन तालीमसमेत सञ्चालन गरिरहेको जानकारी पनि कार्यक्रममा दिइयो। त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत २०४५ सालमा स्थापना जनसङ्ख्या केन्द्रीय विभागबाट हालसम्म २३०० भन्दा बढी स्नातकोत्तर, १८२ एमफिल तथा १९ जनाले विद्यावारिधि हासिल गरेको जानकारीसमेत कार्यक्रममा दिइयो। विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वातावरण मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेको जानकारी पनि डा खतिवडाले दिए।

कार्यक्रममा विभागका सहप्राध्यापक बालकृष्ण माबोहाङले जनसङ्ख्यासम्बन्धी विज्ञ आवश्यक सङ्ख्यामा उत्पादन गर्न सकेको खण्डमा देशमा कस्तो जनशक्ति कति मात्रामा आवश्यक हुन्छ र कुन कुरालाई प्राथमिकता दिनुपर्छ र कुन कामका लागि कति स्रोत आवश्यक पर्छ भन्ने प्रश्नमा हचुवाको भर पर्नु नपर्ने बताए।

# आर्थिक सबलीकरणका लागि आकस्मिक योजना

विचार



प्रा विश्वम्भर प्याकुर्याल

**वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकोले यसमा परिवर्तनको खाँचो छ। त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमैं समस्या ल्याएकोले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ।**

मुलुकमा अस्थिर अर्थ–राजनीति हुँदा विकासले गति लिन सक्दैन । नेपालले राजनीतिक फड्को जसरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टिप्रति समयमैं राजनीतिक दलहरूले गम्भीरता देखाउन ढिला गर्नुहुँदैन। आज परिश्रम गर्न सक्ने व्यक्तिले पनि काम पाएको छैन, महँगीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ । परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकोले बजेटको वर्गीकरण सधैं विवादास्पद बनेको छ । एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन। अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ । आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुन्छन्। लगानीमा प्रोत्साहनस्वरूप चालू आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम पूँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर त्यसको खासै प्रभाव परेको देखिंदैन।

सीमित क्षेत्रमा लगानी थुप्रिएकोले फरक कारणले एउटा क्षेत्रमा देखिएको सङ्कट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रूप लिने गरेको छ । हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधि एउटा क्षेत्रमा मात्रै सीमित नगरेर मुलुक र मुलुक बाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलता अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो । नेपाल राष्ट्र बैंकले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ वटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर प्रदेशगतरूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को अङ्कको मूल्याङ्कन गर्ने हो भने असमानता छ। यसमा बागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोशीमा १६.१ प्रतिशतबाहेक अन्य प्रदेशमा समेत सन्तोषजनक छैन । एफडिआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा भने शून्य छ।

दक्षिण एशियाको अन्य मुलुकको तुलनामा नेपालमा कुल गार्हस्थ्य आम्दानी (जिडिपी) सन्तोषजनक छैन । दक्षिण एशियाको सालाखाला जिडिपी वृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रहृयो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो। भारतमा आव सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहने छ। बङ्गलादेशमा पनि ५.६ प्रतिशतकै अनुमान गरिएको छ । राजनीतिक अस्थिरता र ऋणको दायित्व वृद्धिले गर्दा पाकिस्तानमा यो वृद्धिदर करीब २ प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलङ्कामा पुनरुत्थानको सङ्केत देखिंदै छ। नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य सोधभर्ना हुन गए सन् २०२४ मा अधिकतम ३.९ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ। सन् २०२३ मा भने गत १० वर्षको सालाखाला वृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ।

वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकोले यसमा परिवर्तनको खाँचो छ। त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमैं समस्या ल्याएकोले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ । राजस्वको मुख्य आधार कर सङ्कलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रस्ट देखिन्छ। विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक वृद्धिमा तगारो लाग्दछ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतीजा राम्रो देखिंदैन । जिडिपीले मुलुकको कुल उत्पादनलाई सङ्केत गर्छ। माथि भनेजस्तै यसको वृद्धिदर हेर्‍यो भने क्षेत्रीयस्तरमैं कम देखिन्छ। त्यस्तै कुल राष्ट्रिय उत्पादन (जिएनपी)ले वैदेशिक लगानीलगायत कुल आर्थिक उत्पादनलाई सङ्केत गर्छ जुन निकै कम छ। जिएनपीलाई जनसङ्ख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जुन न्यून छ, मुश्किलले १,३९९ डलर पुग्न जान्छ। सङ्कटग्रस्त भएर पनि श्रीलङ्कामा २०२३ मा ३,८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ। जन्म र मृत्युदर हेर्दा स्वास्थ सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा कमजोर अवस्था छ । मानव विकास परिसूचक अन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कुल राष्ट्रिय आय सबैजसो परिसूचकहरू दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ। अझ पनि बाल मृत्युदर उच्च छ, जसले स्वास्थ सेवा र जीवनयापनको अवस्था इङ्गित गर्छ । बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैंकले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रुपियाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति अपनाई आउँदो चैतसम्म पुनर्तालिकीकरण वा पुन:संरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ।

बाह्य क्षेत्र सुधारात्मक देखिए तापनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ। आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरूको समेत आयात भइरहेको र निराशाजनक निर्यातले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजस्व घट्नु अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ। कल्पना गरेभन्दा छिटो राष्ट्र बैंकले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ। बजारले सुधार अनुरूप पाँच वर्षदेखि तात्त्विकरूपमा नतीजा दिन सकेको छैन। तरलता बढेर ब्याज दरमा कमी आउँदासमेत वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबीचको असमझदारीलाई इङ्गित गर्दछ । यसमा नेपाल सरकार र राष्ट्र बैंकको नीतिगत प्रयासको खाँचो छ। औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ।

अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ, त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक सङ्गठनहरू राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन्। आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तन न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ। व्यापारिक सङ्गठनहरूले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनुपर्नेछ। यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्याङ्कनको प्रावधानको साथै अनुभव गरिरहेका वर्तमान जोखिमहरूको अद्यावधिक खाका तयार गरी सुसूचित भइराख्नुपर्नेछ । साथै उद्योग व्यवसायीहरूले सम्भावित जोखिम र तिनको न्यूनीकरणका लागि लिन लागेका नीतिहरूबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित संवाद गर्नुपर्ने हुन्छ।

राजनीतिक अस्थिरता, कोभिड महामारी, भ्रष्टाचार र शासकीय कमजोरीले धेरै उद्योगधन्दा जोखिमपूर्ण अवस्थामा छन्। यस्तो बेला सरकारले त्यस्ता रुग्ण उद्योगहरूलाई पुनर्जीवित गर्न विशेष कार्यक्रम ल्याउन जरूरी छ। यस्ता कार्यक्रमले रोजगार वृद्धि हुनुका साथै रुग्ण उद्योगको पुनर्स्थापना गर्न सहयोग पुग्दछ। राज्यबाट राहत पाएर आर्थिक विकासको गति सामान्यीकरण गर्न गरिएका धेरै प्रयोग विश्वमा सफल भएका छन्। यस्ता प्रयोग नेपालमा कति सम्भव छ, व्यावसायिक छलफलको आवश्यकता देखिन्छ। कुनै पनि क्षेत्रमा लगानी गर्नु अघि त्यस स्थानको पूर्वाधारहरूको अवस्थामा प्रचुर अध्ययन र मूल्याङ्कन गरी स्थानीय स्तरका सम्भावित लगानीकर्ताको दृष्टिमा बजारको सम्भाव्यता र हाँक के–के हुन् विश्लेषण आवश्यक छ।

त्यस्तै प्राथमिकताका परियोजनाको राजनीतिक जोखिम बीमा आवश्यक छ। लगानीकर्ताका पहुँच बाहिरका कारणबाट परियोजनाले भोग्न सक्ने जोखिमबाट सुरक्षा लिन र भविष्यमा वैदेशिक लगानीकर्तालाई समेत प्रोत्साहित गर्न यो नीति आवश्यक देखिन्छ । मुद्रा अपरिवर्तनीयताले गर्दा मुद्राको प्रयोग र ऋण तिर्न समस्या खडा हुने हुनाले सरोकारवालाबीच समझदारी टुट्न सक्छ। बहुपक्षीय प्रभावको रूपमा सम्बन्धित व्यक्ति वित्तीय निर्णय लिन हच्किने हुनाले यसबाट लगानी घट्नुका साथै आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्न सक्छ। त्यसैले विश्वव्यापी घटनाबारे सचेतना हुन आवश्यक छ।

कतिपय अन्तर्राष्ट्रिय घटना र विदेशी राष्ट्रले लिएका आन्तरिक नीतिगत निर्णयको प्रभाव अन्य मुलुकको स्थानीय अर्थ–सामाजिक स्तरमासमेत पर्ने गर्दछ। जस्तै: रूस–युक्रेन युद्धको प्रभाव विश्वव्यापी आपूर्तिमा र अर्थ–राजनीतिमा पर्न गयो। हामीले एउटै मुलुकसँग मात्र भर नपरी आपूर्ति संयन्त्रको विविधीकरण गर्न सकेमा अर्थतन्त्रमा पर्न सक्ने क्षतिबाट धेरै हदसम्म सुरक्षित रहन सकिन्छ । हालै अमेरिकाले गरेको ट्राभल एडभाइजरीको निर्णयले पार्न सक्ने असरको विश्लेषण गरी यसलाई सहजीकरण गर्न सरकारले विलम्ब गर्नुहुन्न। अर्थशास्त्री किन्सले 'इन द लङ रन एभ्री वन इज डेड' (कालान्तरमा सबैको मृत्यु हुन्छ) भनेजस्तै राजनीतिक नेतृत्वले अब तात्कालिक, देख्न र भोग्न सकिने प्रभावोन्मुख नीति आइराखेको छ भन्ने कुरामा जनतालाई विश्वास दिलाउनुपर्दछ।

–पूर्व राजदूत रहिसकेका लेखक वरिष्ट अर्थशास्त्री हुन्



मकैको बीउका लागि परम्परागत शैलीमा राखेको मकैको सुली: तनहुँको देवघाट गाउँपालिका–३ छिपछिपेमा किसानले मकैको बीउका लागि परम्परागत शैलीमा राखेको मकैको सुली । तस्बिर : रासस

## फरक समाचार

# मल्टीटास्किङमा कसरी दिमागले काम गर्छ

हामी सबैसँग यतिबेला समयको निकै अभाव छ। यसैकारण मल्टीटास्किङलाई आधुनिक जीवनको आवश्यकताको रूपमा हेर्छौं । हामी टिभी हेर्दाहेर्दै इमेलको जवाफ दिन्छौ, मिटिङ गर्दागर्दै किनमेलको सूची तयार पार्छौं, भाँडा धुने क्रममा



मोबाइलमा गीत सुन्छौ । त्यस्तै कम्प्युटरमा एउटा काम गर्दागर्दै अर्को काम तुरून्त गर्छौं, दुई चारवटा सफ्टवेयर प्रोग्राम चलाएर काम गर्छौं । यी सबै गर्नुको कारण थोरै समयमा धेरै काम गर्नु हो। तर एकपटकमा दुईवटा काम गर्नु सुरक्षित मानिदैन। एक समयमा एउटै काममाथि ध्यान केन्द्रित गर्नुपर्छ।

मल्टीटास्किङमा दुविधा यो छ कि जब जटिल काममा ऊर्जा खर्च गरिरहेका हुन्छौं (जस्तैः फोनमा कुरा गर्दागर्दै कार चलाउँछौं) यस्तो गर्दा एउटा काम सही भएपनि अर्को काम बिग्रन्छ अर्थात् हामी दुर्घटनामा पनि पर्न सक्छौं। उमेर बढ्दै जाँदा हाम्रो मल्टीटास्किङ गर्ने क्षमता पनि प्रभावित हुन्छ।

**कम प्रभावित तरीकाले बढी काम गर्नु:** साधारणतया तपाईंको तन्त्रिका जति राम्रो हुन्छ तपाई काममा पनि उत्तिकै बढी कुशल बन्नुहुन्छ। तर एउटै समयमा अर्को काम गर्दा यसले तन्त्रिकालाई प्रभावित पार्छ। उदाहरणको लागि कुशल सर्जन सर्वसाधारणको तुलनामा बढी प्रभावित ढङ्गले एकसाथ कैयौं काम गर्न सक्छ। अत्यधिक अटोमेटिक स्किल र कुशल मस्तिष्क प्रक्रियाको उद्देश्य हो कि तपाईं राम्रो तरीकाले मल्टीटास्किङ गर्न सक्नुहुन्छ। मल्टीटास्किङमा बच्चाको तुलनामा वयस्क उत्कृष्ट हुन्छन्। मस्तिष्कको क्षमता र अनुभवले नै वयस्कलाई बच्चाको तुलनामा मल्टीटास्किङको लागि बढी क्षमता प्रदान गर्दछ।

तपाईंले हेर्नुभएको होला जब तपाई कुनै समस्याबारे सोच्न शुरू गर्नुहुन्छ तब तपाईं बिस्तारै–बिस्तारै हिंड्नुहुन्छ र जब गहिराइमा सोच्न थाल्नुहुन्छ तब टक्क रोकिनुहुन्छ। एक समयमा हिंड्ने र सोच्ने क्षमता बाल्यकालभन्दा किशोरावस्थामा राम्रो हुन्छ।

के हुन्छ जब हामी वृद्धावस्थातर्फ लम्कन्छौ ? वयस्कको तुलनामा वृद्धहरू मल्टीटास्किङमा धेरै गलती गर्छन्। वृद्ध, वयस्कको तुलनामा निकै सुस्त गतिले हिंड्छन्। वयस्क, वृद्धको तुलनामा मल्टीटास्किङ गर्ने बेलामा प्रि–फ्रन्टल कोर्टेक्सलाई बढी सक्रिय राख्छन्।

# यस देशमा हुन्छ ७२ वटा ऋतु

संसारमा मुख्यरूपले चारवटा मौसम हुन्छ– गर्मी, जाडो, वर्षात् र वसन्त। केही स्थानमा भौगोलिक परिस्थितिको आधारमा यसमा परिवर्तन आइरहन्छ। मौसमको पनि एउटा चक्र हुन्छ जुन एकपछि अर्को आइरहन्छ। हाम्रो देशमा छवटा ऋतु हुन्छ– वसन्त, ग्रीष्म, वर्षात्, शरद, हेमन्त र शिशिर । चीनको



क्यालेन्डरमा २४ वटा ऋतुको उल्लेख गरिएको छ। तर जापानमा ७२ वटा ऋतु हुन्छ।

यहाँ वर्षभरि मौसमले रङ्ग बदलिरहन्छ । जापान आफ्नो टेक्नोलोजी र व्यवस्थाको कारण संसारभरि चर्चित छ तर यहाँको सिजनल साइकलबारे थाहा पाउनुभयो भने झनै अचम्म पर्नुहुन्छ।

सामान्यरूपमा हेर्दा जापानको क्यालेन्डरमा पनि चारवटा मौसम नै छ, जुन दुनियाँभरि हुन्छ तर यी मौसमलाई छ भागमा बाँडिएको छ, जसलाई मिलाएर २४ वटा सेक्की बन्छ। यो सेक्की अर्थात् सबसिजन १५ दिन लामो हुन्छ। यी सेक्कीलाई पनि तीन भागमा बाँडिएको छ। तब कुल मिलाएर ७२ वटा बन्छ। 'को' अर्थात् माइक्रोसिजन कुल पाँच दिनको हुन्छ, जुन जापानको जलवायुलाई कुनै सङ्गीतको लयमा ढाल्ने गर्छ। यो प्राकृतिक घटना जस्तैः गहुँ पाक्ने, पसाउने, बाली लगाउने, फूल फुल्ने आदिलाई प्रदर्शित गर्छ।

कसरी बन्छन् ससाना ऋतु ? भनिन्छ जापानका यी ससाना ऋतु छैठौं शताब्दीमा मध्य कोरियाबाट लिइएको थियो । यसको नाम उत्तरी चीनको जलवायुबाट लिइएको हो। जसलाई सन् १६८५ मा सिबुकावा सुनकाई नामक खगोलशास्त्रीले जापानी जलवायुको अनुसार ढाले। यही बदलिएको क्यालेन्डर सन् १८७३ सम्म प्रयोग भइरह्यो। यद्यपि मिजी सरकारले आधुनिकीकरणको दौरान यस ट्रेडिशनल क्यालेन्डरलाई ग्रेगोरियन, अर्थात् वेस्टर्न क्यालेन्डरमा बदलिदिए। तर पनि केही ग्रामीण इलाका र किसान, माझीबीच पुरानो ७२ ऋतुवाला क्यालेन्डर नै मान्य छ।

के हो यो माइक्रो सिजन ? जापानमा २४ सेक्की अर्थात् मौसम हुन्छ। रिशुन, उशुई, केचीटसु, शुनबुन, शेमी, कोकु, रिक्का, शोमन, बोशु, गेशी, शोशो (कम गर्मी), तायाशो, रिशु सोसो (पहिलेभन्दा अधिक गर्मी), हाकुरो, शुबुन, कानरो, शोको, रिट्टो, शोशेट्सु, तायसेट्स, तोजी, शोकान, दैकान यी २४ मौसमलाई तीन–तीन भागमा बाँडेपछि कुल ७२ वटा मौसम बन्छ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# टोकियो विमानस्थलमा दुर्घटनाबारे अनुसन्धान शुरू, दुर्घटनाका कारण तीन सयभन्दा बढी उडान प्रभावित

टोकियो, १८ पुस/एएफपी

जापानको राजधानी टोकियोस्थित हानेदा विमानस्थलमा मङ्गलवार साँझ जापानको तटरक्षक विमान र जापान एयरलाइन्स (जेएएल) यात्रुवाहक विमान एकआपसमा ठोकिंदा भएको दुर्घटनाको कारणबारे अनुसन्धान शुरू भएको जापानको यातायातसम्बद्ध अधिकारीहरूले बताएका छन् ।


तस्वीर: एजेन्सी

दुर्घटनामा पाँचजनाको मृत्यु भएको थियो भने विमानस्थलको प्रयोग गरी अवतरण र उडान भर्ने ३०० भन्दा बढी उडान रद्द भएका थिए ।

हवाईजहाज, रेल र पानीजहाजमा भएका गम्भीर दुर्घटनाको अनुसन्धान गर्ने सरकारी निकाय जापान यातायात सुरक्षा बोर्डले बुधवार दिउँसो भग्न विमानको जाँच गरेको छ भने प्रहरीले पनि दुर्घटनास्थलको निरीक्षण गरेको थियो ।

सुरक्षा बोर्डले समुद्री सुरक्षा गार्डको विमानको फ्लाइट र भ्वाइस रेकर्डरहरू भेटेको र होक्काइदो प्रान्तको न्यु चिटोस विमानस्थलबाट उडेको जापान एयरलाइन्सको विमानको फ्लाइट र भ्वाइस रेकर्डरहरू खोजी गरिरहेको स्थानीय सञ्चार माध्यमहरूले अधिकारीहरूलाई उद्धृत गरी जनाएका छन् ।

"हनेदा एयर ट्राफिक कन्ट्रोलरले दुर्घटना हुनु अघि यात्रुवाहक विमानलाई धावनमार्गमा अवतरण गर्न अनुमति दिएका थिए र कोस्ट गार्ड विमानलाई 'छोटो समयका लागि धावन मार्गमा पर्खन' निर्देशन दिएका थिए"–जापानको यातायात मन्त्रालयको स्रोतलाई उद्धृत गर्दै राष्ट्रिय प्रसारणकर्ता एनएचकेले जनाएको छ ।

जापानको राष्ट्रिय समाचार एजेन्सी क्योदोले जापान एयरलाइन्सलाई उद्धृत गर्दै भनेको छ–"विमानका चालक दलका सदस्यले एयर ट्राफिक कन्ट्रोलको पुष्टि भएपछि अवतरण प्रक्रिया अघि बढाएको र उडानका क्रममा विमानमा कुनै असामान्यता नभएको बताएका थिए ।"

दुर्घटनाका कारण विमानस्थलका सबै धावनमार्ग केही घण्टाका लागि बन्द गर्नुपरेको थियो जसका कारण हनेदाबाट आउने–जाने २२६ उडान रद्द हुँदा ४० हजारभन्दा बढी यात्रु प्रभावित भएका थिए ।

बुधवार तीनवटा धावनमार्ग खुला गरिए पनि दिनभरि करीब १०० वटा उडान बन्द हुने अनुमान गरिएको छ, जसका कारण १९ हजार यात्रुको यात्रा योजना प्रभावित हुनेछ ।

स्थानीय समय अनुसार मङ्गलवार साँझ ६ बजे एआरएल फ्लाइट ५१६, एयरबस ए–३५० हानेदाको सी–रनवेमा अवतरण गर्ने क्रममा कोस्ट गार्डको विमान एमए–७२२ र बम्बार्डियर ड्यास–८ दुर्घटना हुँदा दुवै विमानमा आगो लागेको थियो ।

मङ्गलवार टेलिभिजन फुटेजमा जापान एयरलाइन्सको विमान धावनमार्गमा गुडिरहेको बेला त्यसको छेउबाट ठूलो मात्रामा आगो लागेको देखिएको थियो । त्यसपछि विमानको पखेटा वरपरको क्षेत्रमा आगो लागेको थियो । त्यसको एक घण्टापछि देखिएको फुटेजमा विमान आगोले जलेको देखिएको छ ।

एमए–७२२ विमानमा सवार चालक दलका छ सदस्यमध्ये पाँचजनाको मृत्यु भएको पुष्टि भएको छ भने दुर्घटनापछि विमानबाट उम्कन सफल क्याप्टेन गम्भीर घाइते भएका छन् ।

कोस्ट गार्डका प्रवक्ता योशिनोरी यानागिशिमाका अनुसार मध्य जापानमा सोमवार अपराह्न ७.६ म्याग्नीच्युडको शक्तिशाली भूकम्प गएपछि हानेदा विमानस्थल बेससँग सम्बन्धित कोस्ट गार्डको विमान निगाता प्रान्तको भूकम्प प्रभावित क्षेत्रका लागि राहत सामग्री ढुवानी गर्न धावनमार्गमा विस्तारै गुडिरहेको थियो ।

यात्रुवाहक विमानका सबै ३६७ यात्रु र चालक दलका १२ सदस्य विमानबाट उम्कन सफल भएका छन् । टोकियोको दमकल विभागका अनुसार दुर्घटनापछि आगो निभाउन आठ घण्टाभन्दा बढी समय लागेको थियो । रासस

# एडिबी र माल्दिभ्सबीच साढे पाँच करोड अमेरिकी डलरको सम्झौता

मनिला, १८ पुस/एएफपी

एशियाली विकास बैंक (एडिबी) र माल्दिभ्सबीच माल्दिभ्समा नवीकरणीय ऊर्जा उत्पादन र वितरण विस्तारका लागि पाँच करोड पचास लाख अमेरिकी डलरसम्मको ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतापछि माल्दिभ्सका लागि एडिबीका उपमहानिर्देशक सिन्डी मालिभसिनीले भने–"यो परियोजना माल्दिभ्सको ऊर्जा सुरक्षा बढाउन र ऊर्जा क्षेत्रको दिगो रूपान्तरणलाई सहज बनाउन तयार गरिएको कार्यक्रम हो ।"

माल्दिभ्सका अर्थमन्त्री मोहम्मद शफीकले भने–"ऊर्जा, यातायात, पानी र शहरी पूर्वाधार र सार्वजनिक क्षेत्र व्यवस्थापनमा एडिबी माल्दिभ्समा 'महत्त्वपूर्ण विकास साझेदार' रहेको छ ।"

शफीकले भने–"नवीकरणीय ऊर्जा क्षेत्रको विस्तार गर्ने हाम्रो यात्राप्रति बैंक र अन्य साझेदारको प्रतिबद्धता देखेर म पनि हर्षित छु ।"

कार्यक्रम अन्तर्गत समुद्रमा आधारित फ्लोटिङ सोलार प्यानल, समुद्री ऊर्जा उपकरण, साना एअर टर्बाइन र फ्लो ब्याट्रीजस्ता उदीयमान प्रविधिहरू स्थापना गरिने एडिबीले जनाएको छ ।

एडिबीको सहयोगमा एशियाली विकास कोषबाट ४१५ लाख डलर, साधारण पूँजीगत स्रोतबाट ८५ लाख डलर सहुलियतपूर्ण ऋण र जलवायु परिवर्तन कोषबाट ५ लाख डलर अनुदान रहेको बैंकले जनाएको छ । रासस

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ६४ पुग्यो

टोकियो, १८ पुस/सिन्हवा

जापानको इशिकावा प्रान्तमा बुधवार गएको भूकम्पमा तथा परकम्पका कारण मृत्यु हुनेको सङ्ख्या ६४ पुगेको छ ।

सोमवार गएको ७.६ म्याग्निच्युडको भूकम्पले इशिकावाको बाजीमा शहरमा व्यापक संरचनात्मक क्षति तथा आगलागी भएको छ । बुधवारसम्म पनि भग्नावशेष र भत्किएका सडकहरूले खोजी र उद्धार कार्यमा असहजता भएकोले हालसम्मको पूर्ण जानकारी आउन सकेको छैन ।

भूकम्प प्रभावित क्षेत्र नोटो प्रायःद्वीपमा बुधवार बिहान ५.४ र मङ्गलवार साँझ पनि ४.६ म्याग्निच्युडका दुई ठूला परकम्प गएका छन् । जापान मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्पीय तीव्रता ७ रेक्टर स्केलको रहेको र जमीनमा उभिन कठिन भएको थियो ।

स्थानीय सञ्चारमाध्यममा आएका विवरण अनुसार इशिकावाका अधिकारीहरूले सरकारलाई विपद् तथा राहतको लागि 'सेल्फ डिफेन्स फोर्स'का कर्मचारी पठाउन आग्रह गरेका छन् । भूकम्पका कारण स्थल यातायातको पहुँच टुटेका क्षेत्रहरूमा आपूर्ति पुऱ्याउन हेलिकप्टर प्रयोग गर्ने तयारी गरेको सशस्त्र बलहरूले जनाएका छन् ।

क्षतिको रिपोर्टसँगै प्रभावित क्षेत्रमा मानिसहरू भत्किएका घरहरूमा फसेको तथा उद्धारको पर्खाइमा रहेको धेरै घटनाहरू आइरहेको नगरपालिका अधिकारीहरूले जनाएका छन् ।

जेएमएले भूकम्पपछि जापानी समुद्रमा राखिएका सुनामीसम्बन्धी सूचनाहरू हटाएको छ । यद्यपि मौसम अधिकारीहरूले अर्को दुई तीन दिनसम्म शक्तिशाली परकम्प आउन सक्ने चेतावनी दिएका छन् । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



काउलीखेती: सप्तरीको राजविराजस्थित पडरियामा माँ भगवती कृषक समूहले लगाएका काउली बिक्रीका लागि बजार लैजाँदै । तस्बिर: रासस

# वैदेशिक रोजगारीमा पठाउने बहानामा लाखौं ठगी

काठमाडौं, १८ पुस/रासस

बेरोजगार युवालाई वैदेशिक रोजगारमा पठाउने बहानामा लाखौं ठगी गरेका चारजना पक्राउ परेका छन् । करोमानिया पठाइदिन्छु भन्दै रु २१ लाख ३६ हजार ठगी गरेको अभियोगमा दोलखा मेलुङ गाउँपालिका–२ घर भई काठमाडौं महानगरपालिका–२४ बाङ्गेमुढा बस्ने ५० वर्षीय ढालबहादुर बुढाथोकी पक्राउ परेका छन् ।

अभियुक्त बुढाथोकीले १४ जना युवालाई वैदेशिक रोजगारका लागि रोमानिया पठाई फूड प्याकिङमा मासिक रु एक लाख तलब प्राप्त हुने प्रलोभनमा पारी पटकपटक गरेर उक्त रकम ठगी गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

यसैगरी कतार पठाइदिन्छु भन्दै रु दुई लाख ९४ हजार ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका–१ का कैलाश गिरीलाई पक्राउ गरिएको छ । निजले वैदेशिक रोजगारका लागि कतार पठाइ दिने र मासिक रु ८० दिलाउने भन्दै उक्त रकम ठगेका हुन् ।

यसैबीच, स्लोभेनिया पठाइदिने भन्दै रु दुई लाख ८० हजार ठगी गरेको अभियोगमा धादिङका जयराज शाही र गोरखा चुमनुव्री गाउँपालिका–४ की ३५ वर्षीया छिमी सुनिनलाई पक्राउ गरिएको छ ।

सबै अभियुक्तलाई थप अनुसन्धान तथा कारबाईको लागि वैदेशिक रोजगार विभाग चलान गरिएको छ ।

# ब्याट्री शर्ट भएर बसमा आगलागी

प्रस, वीरगंज, १८ पुस/

वीरगंज बसपार्कमा रहेको ग.२ ख ९२८ नम्बरको बसमा आगलागी भएर पूर्णरूपमा क्षति भएको छ ।

सोमवार पोखराबाट वीरगंज आएको सो बस बसपार्कमा हिजो राति ब्याट्री शर्ट भएर आगलागी भएको एकजना व्यवसायीले बताए ।

सन् २०१२ मोडेलको बस रहेको र हाल सो बसको मूल्याङ्कन करीब १७ लाख रहेको बताइएको छ । आगलागीबाट बस पूर्णरूपमा क्षति भएको पृथ्वीराजमार्ग बस सञ्चालक समिति, वीरगंजका प्रमुख सुमन श्रेष्ठले बताए ।



# नेप्से परिसूचक २७.९० अङ्कले बढ्यो

काठमाडौं, १८ पुस/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ । आज नेप्से परिसूचक २७.९० अङ्कले बढेर २,०५८ को विन्दुमा कायम भएको हो । आज ३०६ कम्पनीको एक करोड पाँच लाख चार सय ९८ कित्ता शेयर ९६ हजार दुई सय ५२ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब चार करोड ८८ लाख ५७ हजार चार सय ५४ बराबरको कारोबार भएको छ ।

सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह ३.०८ र उत्पादन तथा प्रशोधन समूह २.०८ प्रतिशतले बढेको छ । आजको कारोबारमा सातवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

दिव्यश्वरी हाइड्रोपावर लिमिटेड, एनआरएन इनफ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड, पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, सोनापुर मिनरल्स एन्ड आयल लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो ।

सबैभन्दा धेरै गुमाउनेमा लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ५.१० र प्रभु स्मार्ट फन्डको शेयर मूल्य ४.८१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्यामा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु २६ करोड ६३ लाख ९१ हजार चार सय १६ बराबरको पाँच लाख ७० हजार सात सय १७ कित्ता शेयर किनबेच भएको छ ।

## मोटरसाइकल चोरी भएको सूचना

१५० सिसिको कालो/नीलो मिक्स रंग भएको बजाज कम्पनीको च्यासिस नम्बर MD2A11CX8NPA15759 इन्जिन नम्बर DHXRNA83995 मधेस प्रदेश–०३–२५ प ३९०९ नम्बरको मोटर साइकल २०८०/०९/१५ गते दिउँसो अन्दाजी १:३३ बजे बारा निजगढ नगरपालिका–८ हाट बजारमा पार्किङ गरिराखेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा ९८२१२५४६९९ नम्बरमा खबर गरिदिनुहुन अनुरोध गरिन्छ । फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइने छ ।

## आजको राशिफल

| राशि | फल |
| --- | --- |
| मेष | अलमल |
| वृष | चोरभय |
| मिथुन | भयचिन्ता |
| कर्कट | मित्रमिलन |
| सिंह | कान्तिक्षय |
| कन्या | सुयश |
| तुला | अलमल |
| वृश्चिक | व्यर्थभ्रमण |
| धनु | धनलाभ |
| मकर | सफलता |
| कुम्भ | अस्वस्थता |
| मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### भारत....

र छिमेकी देशमा पनि सङ्क्रमण फैलिरहेकोले आवश्यक निगरानी एवं सम्बन्धित देशहरूसँग समन्वय गरिरहेको जनाएको छ । कोभिड–१९ को नयाँ सब भेरिएन्टको बढ्दो सङ्क्रमणलाई ध्यानमा राख्दै प्रवेश विन्दुका सबै हेल्थ डेक्स, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक स्क्रिनिङ र निगरानी भइरहेको उल्लेख गर्दै मन्त्रालयले नयाँ भेरिएन्टको रोकथाम र उपचारको व्यवस्थापनका लागि तयारी अवस्थामा रहेको जनाएको छ ।

## मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A11CYOMPD94831, इन्जिन नं DHYRMD68174 भएको प्र.२–०३–०२१ प ६१७८ नम्बरको हुलास अटो कम्पनीको १५० सिसीको (सन् २०२१) कालो रङ्गको मोटरसाइकल २०८०/०९/१३ गते साँझ ६:४५ बजे जीतपुरसिमरा उपमनपा–२ मेनरोडस्थित घरबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९८१७२८११९८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

-सफायत शेख
जीतपुरसिमरा-९, बतरा

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### युवा....

युवालक्षित रोजगार कार्यक्रम ल्याएकोमा खुशी व्यक्त गरे । केही दिनभित्र गाउँपालिकासँग सम्झौता गरेर सबै श्रमिक सदस्य कार्यस्थलमा खट्ने उनले बताए । गाउँपालिकाका पाँचवटै वडाका युवा जनशक्ति श्रम रोजगार बैंकमा आबद्ध भएका छन् । युवाको आवेदन र वडा कार्यालयको सिफारिशका आधारमा गाउँ कार्यपालिकाले रोजगार बैंकमा आबद्ध हुने श्रमिक छनोट गरेको थियो ।

१८ देखि ४० वर्ष उमेर समूहका युवाका अतिरिक्त प्राविधिक सीपमा दखल राख्ने ६० वर्षसम्मका व्यक्तिलाई समेत आवश्यकताका आधारमा श्रम रोजगार बैंकमा आबद्ध गरिने गाउँपालिकाले जनाएको छ । पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पौडेलले श्रमिकको सम्मान र सुरक्षाका लागि ताराखोला गाउँपालिकाले देशमैं नमूना कार्यक्रम शुरू गरेको बताए । गाउँमैं रोजगार सिर्जनाका साथै गुणस्तरीय पूर्वाधार विकासमा श्रम रोजगार बैंक कोसेढुङ्गा बन्ने उनले विश्वास व्यक्त गरे ।

## माइग्रेशन हराएको सूचना

मिति २०८० वैशाख २८ गते ठाकुर राम बहुमुखी क्याम्पस जाने क्रममा मेरो राष्ट्रिय परीक्षा बोर्ड, कक्षा १२ को माइग्रेशन प्रमाणपत्र रजिष्ट्रेशन नं. ७७३४२०००४, सिम्बल नं.: २३४०२६१५, सि.नं.: M0249079 हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मोबाइल ९८५५०१२३०५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

अप्सरा स्याङतान
ठेगाना: ठोरी गापा–१, चौतारा, पर्सा

# कक्षा ११ का विद्यार्थीलाई स्वागत


तस्वीर: सौजन्य

प्रस, वीरगंज, १८ पुस/

वीरगंज महानगर–१७ स्थित द्वारदेवी माविमा सञ्चालित कक्षा १२ का विद्यार्थीहरूले कक्षा ११ का विद्यार्थीहरूलाई स्वागत गरेका छन् ।

कक्षा १० बाट ११ मा प्रवेश पाएका ३३ जना विद्यार्थीलाई बुधवार कार्यक्रमको आयोजना गरी विद्यालयमा स्वागत गरिएको थियो । विद्यालयका प्रअ दयाकान्त झाले उच्च शिक्षाको लागि अग्रसर कक्षा ११ का विद्यार्थीलाई विद्यालयमा स्वागत गरेका थिए । उनले शिक्षक अभावमा कक्षा ११ र १२ को अध्यापन नियमित हुन नसके पनि अहिले नियमित सञ्चालन गरिएको बताए । उनले भौतिक संरचनाको अभाव रहेको र त्यसले पनि पठनपाठनमा प्रभावित पारेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए ।

वीरगंज महानगरपालिका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले महानगरपालिकाले आर्थिक समस्याको कारण स्वयंसेवक शिक्षकहरू हटाउनुपरेको बताए । उनले महानगरमा तत्काल सामुदायिक विद्यालयमा एक लाख विद्यार्थी रहेको र उनीहरूसँग कुनै पनि बहानामा शुल्क लिन नपाइने बताए । अभिभावकले भने विद्यालयलाई सहयोग गर्न सक्ने उनले जानकारी गराए ।

कार्यक्रममा वरिष्ठ प्रहरी निरीक्षक टेकबहादुर कार्कीले साइबर क्राइम र त्यसबाट हुन सक्ने अवस्था, नियम, कारबाईबारे विद्यार्थीहरूलाई जानकारी गराएका थिए । उनले विद्यालयस्तरमा रहेका बालबालिकाहरूबाट साइबर क्राइमको घटना बढिरहेको भन्दै त्यसतर्फ गम्भीरतापूर्वक ध्यान दिन र कानूनले निर्दिष्ट गरेको कुरा पालना गर्न सुझाव दिए । कार्यक्रममा शिक्षक बृजकिशोर साहले स्वागत गरेका थिए भने सहजीकरण राकेश तिवारीले गरेका थिए ।

# बीमा–रकम हस्तान्तरण


तस्वीर: सौजन्य

प्रस, पोखरिया, १८ पुस/

साधना लघुवित्तले आफ्नो सदस्यको मृत्युपश्चात् निजका परिवारलाई बीमा रकम हस्तान्तरण गरेको छ ।

ठोरी गाउँपालिका–१ निवासी लघुवित्तकी सदस्य मनमाया तामाङको मृत्युपश्चात् उनका पति आइतबहादुर तामाङलाई बुधवार एक लाख ७५ हजार बीमाबापत रकम संस्थाका कार्यकारी निर्देशक रेशम न्यौपानेले हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा वडाध्यक्ष धनबहादुर थापा, संस्थाका शाखा प्रमुख ललितासिंह क्षत्रीलगायतको सहभागिता थियो ।


## चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- दम, हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय–समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# तीनवटा ट्रक नियन्त्रण

प्रस, वीरगंज, १८ पुस/

बिलबिजकभन्दा बढी औषधि तथा




खुद्रा सामान बोकेको तीनवटा ट्रक नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

मङ्गलवार राति ११:४० बजे वीरगंज महानगरपालिका वडा–१५, ८ र १४ बाट ना.४ ख ८३१८, ना.३ ख ४१४१ र एनएल०१जी १८८६ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा बिलबिजकभन्दा बढी सामान रहेको आशङ्कामा प्रहरीले एक करोड ८९ लाख ९७ हजार २८७ मूल्य बराबरको औषधि तथा खुद्रा सामानहरू रहेको ट्रक नियन्त्रणमा लिई आज राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

# ट्रान्सफर्मर चोरी गर्ने पक्राउ

प्रस, वीरगंज, १८ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले ट्रान्सफर्मर चोरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ ।

पुस १३ गते राति बारा सिम्रौनगढ नगरपालिका–३ श्रीनगर बैरिया र मङ्सिर २३ गते पचरौता नगरपालिका–५ बेल्दारीमा रहेको ट्रान्सफर्मर चोरी गरेको आरोपमा भारत, मोतिहारी जिल्ला, विन्धवा सोनीमा ग्राम बस्ने २२ वर्षीय जैसीलाल यादवलाई पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ ।

यादवले पचरौता नगरपालिका–५ टियर खोलामा लुकाएर राखेको ट्रान्सफर्मरको पार्टपूर्जा बरामद गरेको जिप्रका, बाराले जनाएको छ ।

पक्राउ परेका यादवलाई चोरी मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिप्रका, बाराले जनाएको छ ।

# खेलकूदको संसार

## प्रधानमन्त्री कप महिला क्रिकेटको उपाधि एपिएफ क्लबलाई

काठमाडौं, १८ पुस/रासस

प्रधानमन्त्री कप महिला टी–२० राष्ट्रिय प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बलको एपिएफ क्लबले जितेको छ । एपिएफ क्लबले कोशी प्रदेशलाई फाइनल खेलमा ११ रनले पराजित गर्दै उपाधि जितेको हो । विजेता एपिएफ क्लबले रु पाँच लाख तथा उपविजेता कोशीले रु तीन लाख पुरस्कार प्राप्त गरे ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्दै एपिएफ क्लबले कोशी प्रदेशसामु जितका लागि ११५ रनको लक्ष्य प्रस्तुत गरेको थियो । कोशीले २० ओभर खेल्दै चार विकेटको क्षतिमा १०३ रन मात्र बनाउन सक्यो ।

यस अघि ब्याटिङ गर्ने क्रममा एपिएफ क्लबले सात विकेटको क्षतिमा ११४ रन बनाएको थियो । एपिएफका लागि इन्दु वर्माले अर्द्धशतकीय पाली खेलिन् । उनले ४७ बल खेल्दै ५३ रनको योगदान दिइन् । सो क्रममा वर्माले छ चौका र एक छक्का प्रहार गरिन् । यस्तै ज्योति पाण्डेले २७ तथा रोमा थापाले १४ रन बनाइन् ।

बलिङतर्फ कोशीका लागि अप्सरी बेगमले ह्याट्रिक गरिन् । उनले २०औं ओभरको पहिलो, दोस्रो र तेस्रो बलमा लगातार विकेट लिइन् । पहिलो बलमा इन्दु वर्मा, दोस्रो बलमा नेरी थापा तथा तेस्रो बलमा सोनु खड्काको विकेट लिइन् । यस्तै एलिशा खडियाले दुई तथा कप्तान रूबिना क्षत्री र निशा शाहले एक–एक विकेट लिए ।

यस्तै कोशी प्रदेशका लागि ब्याटिङ गर्ने क्रममा कप्तान रूबिना क्षत्रीले अर्द्धशकतीय पाली खेलिन् । उनले ६२ रन बनाइन् । क्षत्रीले ५८ बल खेल्दै एक छक्का र सात चौका प्रहार गरिन् । यस्तै काजल श्रेष्ठले २९ बलमा २२ रन बनाइन् ।

बलिङतर्फ एपिएफ क्लबका लागि करुणा भण्डारी र कप्तान सीता रानामगरले एक एक विकेट लिए ।

**प्रधानमन्त्री कप महिला क्रिकेट : रूबिना सर्वोत्कृष्ट खेलाडी**

प्रधानमन्त्री कप महिला टि–२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशकी कप्तान रूबिना क्षत्री सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छन् । उनी नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी पूर्व कप्तानसमेत हुन् ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज सम्पन्न खेलमा कप्तान क्षत्री सर्वोत्कृष्ट खेलाडी घोषित भएकी हुन् । उनले स्कूटर पुरस्कार प्राप्त गरिन् ।

यसैगरी गण्डकी प्रदेशकी ज्योत्स्ना मरासिनी उदीयमान खेलाडी घोषित भइन् । उनले उपाधिसहित रु ५० हजार बराबरको क्रिकेट सामग्री प्राप्त गरिन् । प्रतियोगितामा मधेस प्रदेशकी पूजा महतो उत्कृष्ट बलर छनोट भइन् भने गण्डकी प्रदेशकी सुमन खतिवडाले उत्कृष्ट ब्याटरको उपाधि पाइन् । दुवैजनाले जनही रु ५० हजार पुरस्कार प्राप्त गरे ।


## पर्सागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मधेस प्रदेश, नेपाल ।

### सिंग्याही खोलाबाट नदीजन्य पदार्थ उत्खनन/सङ्कलनको लागि शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित २०८०/०९/१९ गते)

पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८० को दफा १३ (१) र (२) बमोजिम पर्सागढी नगरपालिकाको मिति २०८०/९/१८ गतेको निर्णय अनुसार पर्सागढी नगरपालिका वडा नं. १ मनवा क्षेत्रभित्र पर्ने सिंग्याही खोलाबाट चालू आव २०८०/२०८१ को फागुनदेखि २०८१ जेठ मसान्तसम्म १२३ दिनको लागि नदीजन्य पदार्थ उत्खनन/सङ्कलन हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल बिक्री गरी आय सङ्कलनको लागि खुला प्रतिस्पर्धाको आधारमा बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न प्रथमपटक ३० (तीस) दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूले बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसील

| आय ठेक्का नं. | विवरण | (ढुङ्गा, बालुवा, गिट्टी, ग्रेभल) जम्मा घनफिट | न्यूनतम कबोल अङ्क (भ्याटबाहेक) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/२०८१–०८० | सिंग्याही खोला | ८८०७४५ घनफिट | रु. ४४,०३,७२५/०० | ३,०००/– | |

१. यो सूचना प्रथमपटक प्रकाशित मितिले ३० (तीस)दिनभित्र तपसिलमा तोकिए बमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।
२. ठेक्काको बोलपत्र फाराम खरीद गरी ३१ (एकतिसौं दिन) दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्था प्रमाणित हुने कागजातहरू तथा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको सानिमा बैंक, पर्सागढी शाखामा रहेको धरौटी खाता नं ०६३०१००४००००००३ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनु पर्नेछ (नगद धरौटी जम्मा गर्न पाइने छैन) ।
३. रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिन अर्थात् ३१ (एकतीसौं दिन) दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बालेपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
४. बोलपत्र फाराम खरीद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सोको भोलिपल्ट बोलपत्र खरीद, दाखिला र खोलिने कार्य हुनेछ ।
५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिनाहा वा क्षतिपूर्तिसम्बन्धी शर्त स्वीकार्य हुनेछैन ।
६. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ४० प्रतिशतले हुन आउने रकम चलनपूर्जी लिने दिन नगदै बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ३० प्रतिशत रकम २०८० चैत्र मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ता बापत ३० प्रतिशत रकम २०८१ वैशाख मसान्तसम्म बुझाउनुपर्नेछ । ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ४० प्रतिशत रकम दाखिला गरी बाँकी ६० प्रतिशत रकमको २०८१ श्रावण मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बण्ड पेश गरी सम्झौता गर्नु पर्नेछ ।
७. एकमुस्ट कबोल अङ्क बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिने छ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम अङ्कभन्दा घटी हुनेगरी छुट दिन सकिने छैन ।
८. कबोल अङ्कको १३ प्रतिशत मूअकर र १.५ प्रतिशत अग्रीम आयकर समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।
९. ढुङ्गा, बालुवा, गिट्टी, ग्रेभल बिक्रीमा प्रतिघनफिट रु. ५ (पाँच) का दरले निकासी गर्नुपर्नेछ ।
१०. नदीजन्य पदार्थ उत्खनन गर्दा नदीको कुल चौडाइको २५ प्रतिशत दुवै किनारबाट (१०/१० मिटर) छोडी बीचको औसत चौडाइमा तोकिएको गहिराइमा लेभलिङ गरी उत्खनन गर्नुपर्नेछ ।
११. नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित हुने हुँदा तोकिएको समय या परिमाणमध्ये जुन पहिले पुग्न आउँछ त्यसैको आधारमा सङ्कलन तथा उत्खनन कार्य बन्द गर्नुपर्नेछ ।
१२. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै रीत नपुगी आएका बोलपत्रउपर कुनै कारबाइ हुनेछैन ।
१३. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा निकासीमा एक्साभेटर, डोजरजस्ता ठूला उपकरण प्रयोग गर्न पाइने छैन ।
१४. प्रत्येक महीनाको ७ गतेभित्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ओसार/पसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टीसमेत अनिवार्यरूपमा यस पर्सागढी नगरपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।
१५. विशेषगरी बालुवा, ढुङ्गा, ग्रेभल आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्नेगरी र भू–बनोट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरी झिक्न बन्दोबस्त ठेकेदारले मिलाउनुपर्नेछ । वातावरण सन्तुलन वा भू–उपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सिमाना भित्रबाट बालुवा, ढुङ्गा, गिट्टी, ग्रेभल आदि ठेकेदारले अनुमतिबेगर झिक्न पाउने छैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्जसम्बन्धी कानूनको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ ।
१६. स्वीकृत कार्यविधि र IEE प्रतिवेदनमा उल्लेख भएको शर्तहरूको पालना ठेकेदारले गर्नुपर्नेछ ।
१७. सडक मार्गको हकमा ठेकेदारले पर्सागढी नगरपालिका वडा नं १ मनवा सडकको अतिरिक्त मनवा गाउँदेखि पश्चिम जाने बाटो जयमङ्गलापुर औराहा रेन्ज हुँदै जनता सडक मार्ग प्रयोग गर्नुपर्नेछ । अन्य विस्तृत शर्तहरू सम्झौतामा उल्लेख गरिनेछ ।
१८. विस्तृत जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।